बौदीकाली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

डेढगाउँ, नवलपरासी(ब.सु.पू.)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

प.स.: २०७८/७९

च.नं.:

## नदिजन्य पदार्थको बिक्रीका लागि सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७८/०९/१९)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क र यस बौदीकाली गाउँपालिकाको आर्थिक ऐन, २०७८ बमोजिम तपशिलमा उल्लिखित खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ संकलन, उत्खनन् तथा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.न. | सिलबन्दी दरभाउपत्र | विवरण | उत्खनन् परिणाम (घन फिट, बार्षिक) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ. कर बाहेक | संकलन/उत्खन्न दर | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | BRMNP/IR/078-079/02 | बौदीकाली गाउँपालिकाको बौदीखोला अन्तर्गतको क्षेत्र (IEE ले तोकेको सीमाभित्रबाट संकलन उत्खनन शुल्क) | २१५९६६ | रु. १५११७६२ (अक्षेरुपी पन्ध्र लाख एघार हजार सात सय बैसट्ठी मात्र) | रु. ७ | रु. ७५५९० (अक्षेरुपी पचहत्तर हजार पाँच सय नब्बे मात्र) | रु. १००० (अक्षेरुपी एक हजार मात्र) |
| २ | BRMNP/IR/078-079/03 | बौदीकाली गाउँपालिकाको निरन्दी खोला अन्तर्गतको क्षेत्र (IEE ले तोकेको सीमाभित्रबाट संकलन उत्खनन शुल्क) | ५१०१५ | रु. ३५७१०५ (अक्षेरुपी तीन लाख सन्ताउन्न हजार एक सय पाँच मात्र) | रु. ७ | रु. १७८६० (अक्षेरुपी सत्र हजार आठ सय साठी) | रु. १००० (अक्षेरुपी एक हजार मात्र) |
| ३ | BRMNP/IR/078-079/04 | बौदीकाली गाउँपालिकाको ईल्ली खोला अन्तर्गतको क्षेत्र (IEE ले तोकेको सीमाभित्रबाट संकलन उत्खनन शुल्क) | ४९२४० | रु. ३४४६८० (अक्षेरुपी तीन लाख चौवालिस हजार छ सय असी मात्र) | रु. ७ | रु. १७२३० (अक्षेरुपी सत्र हजार दुई सय तीस मात्र) | रु. १००० (अक्षेरुपी एक हजार मात्र) |

प्रविणचन्द्र सुवेदी

प्रमुख प्रशासकीय अधिकृत

बौदीकाली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

डेढगाउँ, नवलपरासी(ब.सु.पू.)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

प.स.: २०७८/७९
च.नं.:

शर्तहरु :

१. फर्म वा कम्पनीको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७७/०७८ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र संचालकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, सिलबन्दी दरभाउपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा ग्लोबल आइ.एम.ई. बैंक शाखा कार्यालय बुङ्दीकालीमा रहेको यस कार्यालयको खाता नं. ग.६१ विभाज्य कोष खाता बौदीकाली T१०४०१००००१८ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र कार्यालयबाट सिलबन्दी दरभाउपत्र फारम खरिद गर्न सकिनेछ । सिलबन्दी दरभाउपत्र फारम पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. सिलबन्दी दरभाउपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको ग्लोबल आइ.एम.ई. बैंक शाखा कार्यालय बुङ्दीकालीमा रहेको यस कार्यालयको धरौटी खाता नं. ग.३ धरौटी खाता बौदीकाली T१०४०१०००००१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर यस कार्यालयको नाममा सिलबन्दी दरभाउपत्र नं. र नाम उल्लेख गरी सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको सिलबन्दी दरभाउपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी प्रस्तावदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, सिलबन्दी दरभाउपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप

प्रदिप... 
प्रमुख प्रशासकीय अधिकृत

@hellobaudikali @hellobaudikali baudikalimun@gmail.com 9857046264

बौदीकाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डेढगाउँ, नवलपरासी (ब.सु.पू.) गण्डकी प्रदेश, नेपाल २०७३

प.स.: २०७८/७९
च.नं.:

लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे देखि कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै प्रस्तावदाता वा निजको प्रतिनिधि सिलबन्दी दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. सिलबन्दी दरभाउपत्र सम्बन्धी विस्तृत जानकारी सिलबन्दी दरभाउपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका सिलबन्दी दरभाउपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन । सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. सिलबन्दी दरभाउपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा कार्यालयमा सूचना टाँस भएको मितिले ७ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको सम्पूर्ण रकम अनिवार्य बुझाउनुपर्नेछ अन्यथा ठेक्का सम्झौता तथा कार्यदेश दिइनेछैन । साथै सिलबन्दी दरभाउपत्र कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर प्रस्तावदाताले छुट्टै बुझाउनु पर्नेछ ।

प्रदिपचन्द्र सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

प.स.: २०७८/७९
च.नं.:

बौदीकाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डेढगाउँ, नवलपरासी (ब.सु.पू.) गण्डकी प्रदेश, नेपाल २०७३

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार सिलबन्दी दरभाउपत्र बन्दोवस्त गरिनेछ । यस गाउँपालिकाका नदी तथा खोलाहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बौदीकाली गाउँपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

(नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको website: www.baudikalimun.gov.np मा समेत हेर्न सकिनेछ ।)

प्रदिपचन्द्र सुवेदी
प्रमुख प्रशासकीय अधिकृत